# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, चैत्र २१ गते, २०८० साल (संख्या १९

# भाग-२

## कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

**कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८०**

कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला स्थित कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले निर्देशनालयलाई समेत जनाउँछ।

(ग) "विशेष कृषि उत्पादन" भन्नाले भूगोल, हावापानी र प्राविधिक सम्भाव्यताको आधारमा उत्पादन हुने तरकारी, फलफूल, नगदे बाली, खाद्यान्न बाली, प्राङ्गारिक तथा रैथाने बाली, पशुपन्छी, मत्स्य, मौरीपालन लगायतका कृषि उत्पादन सम्झनु पर्छ।

(घ) "व्यवसाय" भन्नाले अनुसूची-१ बमोजिमको कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धित व्यवसाय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले ऐनको दफा १९ को उपदफा (१) बमोजिमको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## कृषि व्यवसायको प्रवर्द्धन सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र लिनु पर्नेः** (१) देहायको कृषि व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिनु पर्नेछः-

(क) बधशाला सञ्चालन,

(ख) मासु प्रशोधन तथा बिक्री,

(ग) फलफूल तथा तरकारी नर्सरी,

(घ) बीउ बिजन प्रशोधन तथा बिक्री,

(ङ) विषादी तथा मलको खरिद बिक्री,

(च) पशुपन्छीको नश्ल खरिद बिक्री,

(छ) कृषि र पशुपन्छीको स्रोत केन्द्र स्थापना र सञ्चालन,

(ज) दुधजन्य प्रशोधन तथा बिक्री।

(२) उपनियम (१) बमोजिमको कृषि व्यवसायको इजाजतपत्र लिन मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले मापदण्ड नतोकेसम्म नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम इजाजत पत्र दिन सकिनेछ।

(४) यस नियम बमोजिम कार्यालयले एक सय रुपैयाँ दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा कृषि व्यवसाय इजाजत पत्र दिनु पर्नेछ।

४. **<u>कृषि व्यवसाय सूचीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम दर्ता भएका कृषि व्यवसाय सुचीकृत गर्ने प्रयोजनको लागि कार्यालयले कम्तीमा तीस दिनको सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचीकृत हुनको लागि कृषि व्यवसायीले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिंदा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कृषि फर्म वा कम्पनी दर्ताको प्रतिलिपि,

(ग) कृषि फर्मको परिचय/प्रगति प्रतिवेदन,

(घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(४) उपनियम (२) बमोजिम पेश भएका निवेदन उपर जाँचबुँझ गरी रीत पुगेका कृषि व्यवसायलाई कार्यालयले सूचीकृत गरी सो को जानकारी सम्बन्धित कृषि व्यवसायीलाई दिनु पर्नेछ।

५. **<u>साझेदारीमा कृषि व्यवसाय सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तह वा कार्यालयले मन्त्रालयको सहमतिमा प्रचलित कानूनको अधीनमा

रही सार्वजनिक, नीजि, सामुदायिक, गैरआवासीय नेपाली वा उपभोक्ता संस्थासँग साझेदारीमा कृषि व्यवसाय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कृषि व्यवसाय स्थापना तथा सञ्चालन गर्दा ऐनको दफा ६ को उपदफा (३) को अतिरिक्त देहाय बमोजिमका मोडेलमा गर्न सकिनेछः-

(क) बजारीकरण करार,

(ख) निर्माण तथा हस्तान्तरण,

(ग) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, स्वामित्वकरण. सञ्चालन तथा हस्तान्तरण,

(ङ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(च) लिज, सञ्चालन तथा हस्तान्तरण,

(छ) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ज) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण।

(३) उपनियम (१) बमोजिम स्थापना तथा सञ्चालन हुने साझेदारी कृषि व्यवसायमा स्रोत, प्रतिफल र दायित्वको बाँडफाँड तथा लाभको वितरण साझेदारी लागत र लगानीको अनुपात बमोजिम हुनेछ।

(४) प्रदेश सरकारको स्वामित्वमा रहने गरी स्थापना भएको कृषि व्यवसाय प्रदेश सरकारले निजी क्षेत्रलाई व्यवस्थापन करारमा सञ्चालन गर्न दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम व्यवसाय करार गरी साझेदारीमा कृषि व्यवसाय सञ्चालन गर्दा न्यूनतम दश वर्ष सञ्चालन गर्ने गरी सम्झौता गर्नु पर्नेछ।

(६) लागत साझेदारीमा स्थापना भएको व्यवसायको सञ्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि, दश वर्ष अघि व्यवसाय बन्द गर्नु पर्ने भएमा सो को दायित्व र विवाद समाधान लगायतका शर्तहरु सम्झौता पत्रमा अनिवार्य उल्लेख गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

६. **<u>विशेष कृषि उत्पादन क्षेत्र सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७ को उपदफा (१) बमोजिम विशेष कृषि उत्पादन क्षेत्र तोक्ने प्रयोजनका लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिमा सिफारिस गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य

(ग) प्रमुख, कृषि वा पशुन्छी शाखा, सम्बन्धित स्थानीय तह - सदस्य

(घ) प्रतिनिधि, गैर सरकारी सस्था महासंघ - सदस्य

(ङ) जिल्लाका कृषि व्यवसायीहरुमध्येबाट संयोजकले तोकेको एक जना कृषि व्यवसायी - सदस्य

(च) प्रमुख, कार्यालय - सदस्य

(छ) प्रमुख, योजना शाखा, कार्यालय - सदस्य -सचिव

(२) उपनियम (१) को खण्ड (ग) को हकमा विशेष कृषि उत्पादन क्षेत्र कृषि बालीसँग सम्बन्धित भए कृषि शाखा र पशुपन्छीसँग सम्बन्धित भए पशुपन्छी शाखा प्रमुख समितिमा रहनेछन्।

(३) उपनियम (१) बमोजिमको समितिले देहाय बमोजिमको प्राथमिकताक्रमको आधारमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समिति समक्ष विशेष कृषि उत्पादन क्षेत्र तोक्न सिफारिस गर्नु पर्नेछः-

(क) भूगोल तथा हावापानीको हिसाबले प्राविधिक सम्भाव्यता भएको,

(ख) धेरै कृषक आवद्ध भएको वा हुन सक्ने क्षेत्र,

(ग) प्रचुर व्यावसायिक सम्भाव्यता भएको,

(घ) कृषकको आय आर्जनमा टेवा पुग्न सक्ने क्षेत्र,

(ङ) उच्च मूल्यका कृषि उपज उत्पादन हुने क्षेत्र,

(च) स्थानीय वा रैथानै कृषि उपज उत्पादन क्षेत्र,

(छ) बजार, माग र आपूर्तिको आधार।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपनियम (१) बमोजिमको समितिले गरेको सिफारिसको आधारमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिले प्रदेश सरकार समक्ष विशेष कृषि उत्पादन क्षेत्र तोक्न पेश गर्नु पर्नेछ र प्रदेश सरकारले आवश्यकता र औचित्यता हेरी विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ।

(५) उपनियम (३) बमोजिमको आधारमा पशुपन्छी पालन, मत्स्य पालन, तरकारी उत्पादन, फलफूल उत्पादन, नगदे बाली (बेसार, अदुवा, जिरा, धनिया, टिमुर, अलैंची आदि), तेलहन, दलहन लगायतका कृषि व्यवसायको लागि विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ।

७. <u>**विशेष कृषि उत्पादन क्षेत्रको कृषि व्यवसायलाई सुविधाः**</u> (१) विशेष कृषि उत्पादन क्षेत्रमा रहेका पशुपन्छी पालन, मत्स्य पालन, तरकारी उत्पादन, फलफूल उत्पादन, नगदे बाली, तेलहन, दलहन लगायतका कृषि व्यवसायको प्रवर्द्धनको लागि व्यावसायिक कृषक, समूह, सहकारी संस्था, फर्म वा कम्पनीलाई प्रदेश सरकारले देहाय बमोजिमका सुविधा उपलब्ध गराउन सक्नेछः-

(क) बीउबिजन वितरण, मलखाद, सिँचाइ, कोल्ड स्टोर, तरकारी तथा फलफूल सङ्कलन केन्द्रको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा क्षेत्र विस्तारमा सहयोग, समन्वय र सहजीकरण,

(ख) कृषि उत्पादनको प्रशोधन तथा बजारीकरणमा सहयोग,

(ग) कृषि व्यवसायीको क्षमता अभिबृद्धि तालिम।

(२) उपनियम (१) बमोजिमको सुविधा बढीमा तीन वर्षसम्म उपलब्ध गराउन सक्नेछ।

८. <u>**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि व्यवसायको प्रवर्द्धनको लागि आवश्यक अध्ययन गर्ने,

(ख) प्रदेशस्तरीय कृषि बजार सञ्चालन बापत लाग्ने शुल्क निर्धारण गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

९. **अनुदान दिन सक्नेः** (१) ऐनको दफा १० को उपदफा (५) बमोजिम प्रदेश सरकारले अनुसूची-४ बमोजिमका कृषि उत्पादन सामग्रीमा कृषकलाई बढीमा तीन वर्ष अनुदान दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुदान दिने सम्बन्धी प्रकृया मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

१०. **कृषि भूमिको चक्लाबन्दीमा सुविधाः** (१) ऐनको दफा ११ को उपदफा (४) बमोजिम प्रदेश सरकारले कृषि भूमिको चक्लाबन्दी गर्दा देहाय बमोजिमको कार्यमा सुविधा उपलब्ध गराउन सक्नेछः-

(क) चक्लाबन्दीको डिजाइन, कित्ता एकीकरण, समथल बनाउन र ब्लक निर्माण कार्यको खर्च,

(ख) चक्लाबन्दी गरिएको जग्गामा सिँचाइ संरचना निर्माण, घेराबार, आवश्यक कृषि औजार उपकरण तथा भौतिक पूर्वाधार निर्माणको लागत खर्च,

(ग) आवश्यक मल, बीउ, बेर्ना, विषादी लगायतको उत्पादन सामग्रीको लागत।

(२) उपनियम (१) बमोजिमको सुविधा प्राप्त गर्न हिमाली क्षेत्रमा कम्तीमा बीस रोपनी र पहाडि क्षेत्रमा कम्तीमा पचास रोपनी जग्गामा चक्लाबन्दी गरी कृषि व्यवसाय गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यमा कूल लागतको पचास प्रतिशत सुविधा तीन वर्षसम्म उपलब्ध गराउन सकिनेछ।

(४) उपनियम (१) बमोजिमको सुविधा प्राप्त गरेका कृषि व्यवसायीले चक्लाबन्दी गरिएको जग्गामा कम्तीमा दश वर्ष कृषि व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

११. **कृषि सामग्रीको मापदण्डः** (१) कृषि व्यवसायमा प्रयोग हुने अनुसूची-४ बमोजिमका कृषि उत्पादन सामग्रीको मापदण्ड मन्त्रालयले तयार गरी प्रदेश सरकारबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड पालना नगरेमा अनुसूची-५ बमोजिमको अधिकारीको सिफारिसमा मन्त्रालयले उत्पादन तथा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

१२. **कृषि ऋणमा ब्याज अनुदानः** (१) ऐनको दफा १४ को उपदफा (२) र (५) बमोजिम बैंक, वित्तीय संस्था  र संघ मातहतका सहकारी संस्थाबाट कृषि व्यवसाय गर्न व्यावसायिक समूह, सहकारी संस्था फर्म, कम्पनी तथा कृषकलाई उपलब्ध हुने कृषि ऋणमा मन्त्रालयले सात प्रतिशत ब्याज अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको ब्याज अनुदान लिंदा कृषि व्यवसायमा लगानी भएको पचास लाख रुपैयाँसम्मको ऋणमा चुक्ता पूँजी आवश्यक पर्ने छैंन।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषिमा आधारित उद्योगमा प्रवाह हुने पचास लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको कृषि व्यवसाय ऋणमा ब्याज अनुदान सुविधा लिन त्यस्तो ऋणको न्यूनतम एक सय बीस प्रतिशतसम्म चुक्ता पूँजी भएको हुनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम पचास लाख रुपैयाँसम्मको ऋणमा ब्याज अनुदान लिएको कृषि व्यवसायीले लगानी वृद्धि गरी उपनियम (३) बमोजिमको शर्त पूरा गरेमा पुनः एक पटक ब्याज अनुदान पाउन सक्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनु अघि एक करोड रुपैयाँसम्मको कृषि ऋणमा ब्याज अनुदान सुविधा उपलब्ध गराउने सम्बन्धमा मन्त्रालय र बैंक बीच सम्झौता गरेको भए त्यस्तो सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(६) प्रदेश सरकार र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाबाट आफ्ना शेयर सदस्यलाई प्रवाह भएको पचास

हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म कृषि ऋणको ब्याजमा मन्त्रालयले दश प्रतिशत ब्याज अनुदान दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिमको ब्याज अनुदान लिंदा कृषि व्यवसायमा लगानी ऋणमा चुक्ता पूँजी आवश्यक पर्ने छैन।

(८) उपनियम (२), (३), (४), (५) र (६) बमोजिम प्रवाह भएको कृषि ऋणको ब्याज अनुदान भुक्तानी अवधि अनुसूची-६ बमोजिम हुनेछ।

(९) कृषि व्यवसायीलाई कृषि ऋण प्रवाह गर्ने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई व्यवस्थापन खर्च बापत ऋण रकमको एक प्रतिशत मन्त्रालयले उपलब्ध गराउनेछ। बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले कृषि व्यवसायीबाट अन्य कुनै शुल्क लिन पाउने छैन।

(१०) बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत कर्जा लगानी भएको कृषि व्यवसायमा लगानी नगरेको पाइएमा जुनसुकै बखत मन्त्रालयले ब्याज अनुदान सहयोग रोक्का गर्नेछ।

(११) बैंक, वित्तीय संस्था र सहकारी संस्था मध्ये कुनै एउटा निकायबाट कृषि व्यवसायीले ब्याज अनुदान सहयोग प्राप्त गर्न सक्नेछ।

(१२) यस नियम बमोजिम उपलब्ध गराइने ब्याज अनुदान बैंक, वित्तीय संस्था वा सहकारी संस्थालाई मन्त्रालयले सोझै उपलब्ध गराउनेछ।

**१३.** **<u>अध्ययन अनुसन्धान गर्ने:</u>** ऐनको दफा १४ को उपदफा (८) बमोजिम मन्त्रालयले कृषि व्यवसायमा प्रवाह भएको ऋणको प्रभावकारिताको सम्बन्धमा अध्ययन अनुसन्धान गर्नेछ। यसरी भएको अध्ययन अनुसन्धानको प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

परिच्छेद-३

**कृषि उपजको बजारीकरण सम्बन्धी व्यवस्था**

१४. **प्रतिवेदन पेश गर्नु पर्ने**: ऐनको दफा १५ को उपदफा (१) बमोजिम मन्त्रालयले प्रदेशमा उत्पादन हुने प्रमुख कृषि उपजको अध्ययन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

१५. **कृषि बजार स्थापना सम्बन्धी व्यवस्था**: (१) कृषि बजार स्थापना र सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) थोक बजार कारोबार स्थल, खुद्रा बजार कारबार स्थल, कृषक बजार स्थल, माछा बजार कारोबार स्थल, मासु बजार कारोबार स्थल, फलफूल कारोबार स्थल र होल्डिङ/अक्शन यार्डको व्यवस्था,

(ख) दुग्धजन्य पदार्थ, चमेना गृह, भोजनालय, गोदाम, बैंकको लागि स्थान, सार्वजनिक सौंचालय, बजार सूचना सेवा, बजार सुरक्षा, फोहोरमैला संकलन तथा व्यवस्थापन, नापतौल तथा गुणस्तर परीक्षण, विषादी अवशेष द्रुत विश्लेषण/परीक्षण र बजार प्रयोगकर्ताको लागि पार्किङ सुविधा,

(ग) कम्पाउण्ड वाल तारबार, कार्यालय कोठा तथा सेड, कोल्ड च्याम्बर वा अन्य चिस्यान घर र कम्पोष्ट पिटको व्यवस्था।

(२) प्रदेश स्तरीय कृषि बजारको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

(३) स्थानीय कृषि बजार र निजी क्षेत्रबाट स्थापना हुने कृषि बजारको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

(४) मन्त्रालयले स्थानीय कृषि बजार र निजी क्षेत्रबाट स्थापना हुने कृषि बजारको स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

१६. **समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि बजारलाई प्रतिस्पर्धात्मक रुपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) कृषि बजारको व्यवस्थापनको लागि आवश्यक नीति निर्धारण गर्ने र सो को कार्यान्वयन गर्ने, गराउने,

(ग) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने,

(घ) कृषि बजार प्रयोग गरे बापत लाग्ने सेवा शुल्क निर्धारण गर्ने,

(ङ) कृषि बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सहजीकरण गर्ने,

(च) कृषि बजार स्थलको नियमित मर्मत सम्भार तथा संरक्षण गर्ने,

(छ) स्थानीय उत्पादनको प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्ने,

(ज) कृषि बजार सञ्चालन तथा व्यवस्थापनको प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयमा पेश गर्ने,

(झ) कृषि बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने।

१७. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको सचिवालय निर्देशनालयमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१८. **कार्यकारी अधिकृत र कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले समितिको कार्यकारी अधिकृतको रुपमा काम गर्न प्रदेश कृषि सेवा एग्री इकोनोमिक्स एण्ड एग्री मार्केटिङ समूहको कम्तीमा अधिकृतस्तर सातौं तहको कर्मचारीलाई खटाउन सक्नेछ।

(२) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) कृषि बजार व्यवस्थापनको लागि आवश्यक दीर्घकालीन, अल्पकालीन तथा वार्षिक योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(ग) कृषि बजार विकाससँग सम्बन्धित विभिन्न निकायसँग समन्वय गर्ने,

(घ) आफू मातहतका कर्मचारीको सुपरीवेक्षण, निर्देशन, नियन्त्रण र समन्वय गर्ने,

(ङ) समितिले तोकेको अन्य कार्य गर्ने वा गराउने।

(३) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

१९. **सार्वजनिक निजी साझेदारी कृषि बजार सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम कृषि बजार स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) सार्वजनिक निजी साझेदारीमा कृषि बजारको स्थापना र सञ्चालन प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद-४
## व्यावसायिक कृषि करार

२०. **व्यावसायिक कृषि करार सम्बन्धी व्यवस्थाः** (१) व्यावसायिक कृषि करार गर्दा करारका पक्षको दायित्व, करारको कार्यान्वयन गर्ने समय र तरिका, करार अवधि, विवाद समाधान, क्षतिपूर्ति, करारको समाप्ति लगायतका विषय करारमा उल्लेख गर्नु पर्नेछ।

(२) व्यावसायिक कृषि करार गर्ने पक्षले करारमा उल्लिखित शर्त यथावत परिपालना गर्नु पर्नेछ।

२१. **<u>जग्गा तथा भौतिक साधन उपलब्ध गराउने प्रक्रिया:</u>** (१) कृषक वा कृषि व्यवसायीले व्यावसायिक कृषि सम्बन्धी कार्य गर्नको लागि कुनै व्यक्ति संस्था वा निकायसँग करार गरी जग्गा तथा भौतिक साधन उपयोग गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा हक भोगमा रहेको जग्गा तथा भौतिक साधन उपलब्ध गराउन माग गर्दा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले माग भएको जग्गा तथा भौतिक साधन उपलब्ध गराउन आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस नियमको प्रयोजनको लागि,-

(क) "जग्गा" भन्नाले कुनै व्यक्ति, संस्था वा निकायको नाममा दर्ता भएको खेतीपातीको लागि योग्य जग्गा सम्झनु पर्छ।

(ख) "भौतिक साधन" भन्नाले व्यक्ति, संस्था वा निकायको स्वामित्वमा भएको शीत भण्डार, प्रशोधन सामग्री, सङ्कलन केन्द्र, बीउ प्रशोधन तथा भण्डारण केन्द्र, कुलवोर्ड, रस्टिक स्टोर र अन्य यस्तै प्रकृतिका कृषि व्यवसायसँग सम्बन्धित औजार उपकरण सम्झनु पर्छ।

२२. **<u>करार दर्ता गर्नु पर्ने:</u>** (१) ऐनको दफा ३० को उपदफा (१) बमोजिम प्रदेश सरकारबाट सुविधा तथा सहुलियत प्राप्त गर्न व्यावसायिक कृषि करार गर्ने व्यक्ति, समूह, सहकारी संस्था, फर्म वा कम्पनीले त्यस्तो करार सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता गर्दा एक सय रुपैयाँ दस्तुर लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपनियम (१) बमोजिम दर्ता भएको करारको अभिलेख कार्यालयले राख्नु पर्नेछ।

परिच्छेद-५

**क्षतिपूर्ति, सजाय र मुद्दा सम्बन्धी व्यवस्था**

२३. **क्षतिपूर्ति निर्धारण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३३ को उपदफा (२) बमोजिम क्षतिपूर्ति निर्धारण गर्न देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय - संयोजक

(ख) कम्तीमा सातौं तहको अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) कम्तीमा सातौं तहको अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) कम्तीमा सातौं तहको अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) प्रमुख, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन तथा बजार विकास शाखा, मन्त्रालय - सदस्य -सचिव

(२) करार उल्लङ्घनबाट मर्का पर्ने पक्षले क्षतिपूर्तिका लागि उपनियम (१) बमोजिमको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा उपनियम (१) बमोजिमको समितिले पैंतीस दिनभित्र क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **सुरु मुद्दा हेर्ने अधिकारीः** ऐनको दफा ३६ को उपदफा (१) बमोजिम सुरु मुद्दा हेर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।

## परिच्छेद–६

## विविध

२५. **अनुगमन तथा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्थाः** (१) कृषि व्यवसायको लागि बैंक, वित्तिय संस्था र सहकारी संस्थालाई उपलब्ध गराइएको ब्याज अनुदानको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लमा देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख, कार्यालय (कृषि क्षेत्र हेर्ने) - संयोजक

(ख) प्रतिनिधि, ऋण लगानी गर्ने बैंक, वित्तिय संस्था वा सहकारी संस्था - सदस्य

(ग) प्रमुख, योजना शाखा, कार्यालय (कृषि क्षेत्र हेर्ने) - सदस्य -सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार पशुपन्छी क्षेत्र हेर्ने कार्यालयको प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सो समितको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२६. **समितिको काम, कर्तव्य र अधिकारः** (१) नियम २५ को उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लामा बैक, वित्तिय संस्था र सहकारी संस्थाबाट कृषि व्यवसायमा लगानी भएको ऋण र कृषि व्यवसायीले सञ्चालन गरेको कृषि व्यवसायको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) ब्याज सहयोग भुक्तानी र रोक्काको लागि मन्त्रालय वा कार्यालय समक्ष सिफारिस गर्ने,

(ग) ब्याज अनुदान सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(घ) ब्याज अनुदान कार्यक्रमको प्रभावकारीता, रोजगारीको अवस्था, व्यवसायबाट भएको आय आर्जन, ब्याज सुविधाको निरन्तरता, ऋण तथा ब्याज रकम, ब्याज अनुदान रोक्का गरिएको विवरण र ऋणीको नाम नामेसी लगायतको व्यहोरा सहितको प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्ने।

२७. **<u>संघीय निर्देशिका, कार्यविधि, तथा मापदण्ड बमोजिम गर्न सकिने:</u>** ऐन र यस नियमावली बमोजिम निर्देशिका, कार्यविधि र मापदण्ड नबनेसम्म नेपाल सरकारले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२८. **<u>अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

२९. **<u>खारेजी र बचाउ</u>**: (१) देहाय बमोजिमका कार्यविधि खारेज गरिएको छः-

(क) व्यावसायिक कृषि तथा पशुपन्छि पालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६,

(ख) सहकारी संस्था मार्फत ब्याज अनुदान कार्यविधि, २०७७,

(२) उपनियम (१) बमोजिम खारेज भएका कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(नियम २ को खण्ड (घ) सँग सम्बन्धित)

**व्यवसायको प्रकार**

| सि. नं. | व्यवसायको प्रकार | व्यवसाय |
|---|---|---|
| १. | कृषि सामग्री आपूर्ति | (क) एग्रोभेट,<br>(ख) मल बिक्री केन्द्र,<br>(ग) मल तथा विषादी उत्पादन व्यवसाय,<br>(घ) कृषि औजार उत्पादन तथा बिक्री,<br>(ङ) दाना, ह्याचरी र भुरा बिक्री,<br>(च) तरकारी तथा फलफूल नर्सरी,<br>(छ) कृषि तथा पशुपन्छी स्रोत केन्द्र,<br>(ज) पशुपन्छी प्रजनन्<br>(झ) कृषि र पशुपन्छीसँग सम्बन्धित प्रयोगशाला,<br>(ञ) कृषि र पशुपन्छींका स्रोत केन्द्र,<br>(ट) जैविक तथा कुहिने बस्तु तथा फोहोरबाट उत्पादित प्राङ्गारिक तथा जैविक मल। |
| २. | उत्पादन | (क) कृषि जन्य उपजहरुः खाद्यान्न, दलहन, तेलहन, फलफूल, तरकारी, मसला बाली, औद्योगिक बाली, च्याउ र यस्तै प्रकृतिका अन्य कृषि उपज,<br>(ख) पशुपन्छी पालन,<br>(ग) माछापालन,<br>(घ) मौरीपालन,<br>(ङ) पुष्प व्यवसाय,<br>(च) बीउ उत्पादन। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | |
|---|---|---|
| ३. | कृषि उपज बिक्री तथा भण्डारण व्यवसाय | (क) दुध तथा दुग्ध जन्य बस्तुहरु,<br>(ख) फलफूल तथा तरकारी बिक्री,<br>(ग) पशु वधशाला तथा मासु बिक्री पसल,<br>(घ) कोल्ड स्टोर, कोल्ड च्याम्वर, रस्टिक स्टोर, सङ्कलन केन्द्र र यस्तै प्रकृतिका अन्य भौतिक पूर्वाधार,<br>(ङ) कृषि, मत्स्य र पशुपन्छी बजार,<br>(च) पशु बधशाला,<br>(छ) कोल्ड स्टोर, कोल्ड च्याम्वर,<br>(ज) कृषि, मत्स्य र पशुपन्छी बजार। |
| ४. | कृषिजन्य प्रशोधन व्यवसाय | (क) कृषिमा आधारित प्रशोधन उद्योग,<br>(ख) पशुपन्छीमा आधारित प्रशोधन उद्योग,<br>(ग) मौरी तथा माछाजन्य प्रशोधन उद्योग। |
| ५ | कृषि र पशु सेवासँग सम्बन्धित सेवा व्यवसाय | (क) तालिम तथा उपचार सेवा,<br>(ख) कृषि अनुसन्धान तथा सिकाई केन्द्र। |
| ५. | मन्त्रालयले तोकेका कृषि र पशुपन्छी क्षेत्रका अन्य व्यवसायहरु | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

**कृषि व्यवसाय सञ्चालन इजाजतपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

............. कार्यालय

कृषि व्यवसाय सञ्चालन इजाजतपत्र

प.सं. मितिः २०...../......./......

च.नंः

तपाईं श्री ..............लाई कर्णाली कृषि व्यवसाय ऐन, २०७९ र कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० बमोजिम ................................. व्यवसाय स्थापना र सञ्चालन गर्न यो सञ्चालन/इजाजत अनुमति-पत्र प्रदान गरिएको छ। उल्लिखित ऐन र नियमावलीको अधिनमा रही व्यसायको स्थापना र सञ्चालन गर्नुहोला।

१. व्यवसायको नामः

२. व्यवसायको ठेगानाः

३. सञ्चालकको नाम र ठेगानाः

४. बाबुको नामः

५. हजुरबुवाको नामः

६. कृषि व्यवसायको किसिमः

**इजाजतपत्र पाउनेको**

सही

फोटो र संस्था भए छाप

औँठाछाप

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

**इजाजत दिने अधिकारीको,-**
दस्तखतः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**कृषि व्यवसाय सूचीकृत हुनको लागि दिने निवेदनको ढाँचा**

मिति २०......../...../.....

श्री कार्यालय प्रमुख ज्यू,

............ कार्यालय,

.........।

विषयः **कृषि व्यवसाय सूचीकृत गरी सञ्चालन अनुमति पाउँ।**

महोदय,

म/हामीले ................ स्थानीय तह वडा नं. ..... स्थित ................................. फर्म/कम्पनीले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ र कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० बमोजिम सूचीकृत भई कृषि व्यवसाय सञ्चालन अनुमतिका लागि आवश्यक कागजात सहित यो निवेदन पेश गरेको/गरेका छु/छौं।

निवेदकको,-

नाम थरः

पदः

व्यवसायको नामः

व्यवसायको ठेगानाः

व्यवसायको किसिमः

दस्तखतः

मितिः

फर्म/कम्पनीको छापः

**आवश्यक कागजातः**

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(२) संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि,

(३) संस्थाको प्रोफाइल/प्रगति प्रतिवेदन,

(४) कर चुक्ता प्रमाणपत्र।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-४

(नियम ९ को उपनियम (१) र नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**अनुदान दिइने कृषि उत्पादन सामग्री**

<table>
<tr><th rowspan="2">क.सं.</th><th rowspan="2">उत्पादन सामग्रीहरुको विवरण</th><th colspan="2">अनुदान प्रतिशत</th><th>कैफियत</th></tr>
<tr><th>समूह/सहकारी</th><th>व्यक्ति/निजी फर्म/कम्पनी</th><th rowspan="11">विपन्न तथा सिमान्तकृत लक्षित वर्ग भनी तोकिएका कार्यक्रमको हकमा शत प्रतिशत अनुदानको व्यवस्था हुनेछ।</th></tr>
<tr><td>१.</td><td>बीउ विजन</td><td rowspan="10">७० प्रतिशत</td><td rowspan="10">५० प्रतिशत</td></tr>
<tr><td>२.</td><td>बेर्ना</td></tr>
<tr><td>३.</td><td>जैविक तथा प्राङ्गारिक मल</td></tr>
<tr><td>४.</td><td>विषादी</td></tr>
<tr><td>५.</td><td>कृषि औजार</td></tr>
<tr><td>६.</td><td>पशुपन्छी नश्ल</td></tr>
<tr><td>७.</td><td>माछाको भुरा</td></tr>
<tr><td>८.</td><td>च्याउको बीउ</td></tr>
<tr><td>९.</td><td>उन्नत पशुपन्छीको वीर्य</td></tr>
<tr><td>१०.</td><td>कृषिसँग सम्बन्धित अन्य उत्पादन सामग्री</td></tr>
</table>

अनुसूची-५

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**कृषि उत्पादन सामग्रीहरुको नियमन गर्ने अधिकारी**

| सि.नं. | अधिकारीको पद | अधिकारीको न्यूनतम योग्यता | जिम्मेवारी |
|---|---|---|---|
| १. | कृषि प्रसार अधिकृत (कम्तीमा सातौं तह) | कृषि विषयमा स्नातक | (क) मलको गुणस्तर अनुगमन तथा नियमन,<br>(ख) मल सम्बन्धी कार्य गर्न इजाजत पत्रको सिफारिस,<br>(ग) कृषि औजार उपकरणहरुको गुणस्तर अनुगमन, नियमन तथा खरिद बिक्री कार्यको इजाजत पत्रको सिफारिस। |
| २. | बाली विकास अधिकृत (कम्तीमा सातौं तह) | कृषि विषयमा स्नातक | (क) खाद्यान्न र रैथाने बालीहरुको बीउको गुणस्तर अनुगमन र नियमन,<br>(ख) बीउ उत्पादन सम्बन्धी कार्यको निरीक्षण, नियमन तथा इजाजत पत्रको सिफारिस। |
| ३. | बागवानी विकास अधिकृत (कम्तीमा सातौं तह) | कृषि विषयमा स्नातक | (क) तरकारी, फलफूल र पुष्प बालीको नर्सरी तथा बेर्नाको गुणस्तर नियन्त्रण, अनुगमन र नियमन,<br>(ख) नर्सरी स्थापना तथा सञ्चालनको इजाजत पत्रको सिफारिस,<br>(ग) तरकारी, फलफूल र पुष्प उत्पादनमा प्रयोग हुने |

| | | | |
|---|---|---|---|
| | | | सामग्रीहरुको गुणस्तर अनुगमन र नियमन। |
| ४. | बाली संरक्षण अधिकृत (कम्तीमा सातौं तह) | कृषि विषयमा स्नातक | (क) रोग किरा व्यवस्थापनमा प्रयोग हुने विषादी लगायतका सामग्रीहरुको गुणस्तर अनुगमन, नियमन र उक्त सामग्रीहरुको खरिद बिक्री कार्य गर्न इजाजत पत्रको सिफारिस,<br>(ख) मौरीको नश्ल, घार, गोला र मौरी पालनसँग सम्बन्धित सामग्रीहरुको गुणस्तर, उत्पादित मौरीजन्य उपजको गुणस्तर अनुगमन तथा नियमन,<br>(ग) रेशम किराको नश्ल, रेशम किरा पालनसँग सम्बन्धित सामग्रीहरु र उत्पादित रेशमजन्य उपजको गुणस्तर अनुगमन तथा नियमन,<br>(घ) च्याउको मदर कल्चर र बीउ (स्पान) को गुणस्तर, उत्पादनसँग सम्बन्धित सामग्रीहरुको खरिद बिक्री कार्य गर्न र च्याउजन्य उपजहरुको गुणस्तर अनुगमन तथा नियमन। |
| ५. | मत्स्य विकास अधिकृत (कम्तीमा | कृषिको सम्बन्धित विषयमा स्नातक | (क) माछाको भुरा उत्पादन, अनुगमन र नियमन,<br>(ख) मत्स्य पालनमा प्रयोग हुने सामग्रीहरुका गुणस्तर अनुगमन |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | |
|---|---|---|---|
| | सातौं तह) | | र नियमन,<br>(ग) मत्स्य व्यवसाय स्थापनाको लागि इजाजत सिफारिस। |
| ६. | पशु चिकित्सक (कम्तीमा आठौ तह) | भेटेरिनरी विषयमा स्नातक | (क) पशु चिकित्सामा प्रयोग हुने सामग्री, औषधि, खोप आदिको गुणस्तर अनुगमन, नियमन र सो को खरिद बिक्रीको लागि इजाजत पत्रको सिफारिस,<br>(ख) पशु स्वास्थय परिक्षणको सिफारिस,<br>(ग) पशु स्वास्थ्य सम्बन्धी व्यवसाय स्थापनाको लागि इजाजत सिफारिस। |
| ९. | पशु विकास अधिकृत (कम्तीमा सातौं तह) | भेटेरिनरी वा कृषि विषयमा स्नातक | (क) पशुपन्छीको उन्नत जातहरुको सिफारिस तथा गुणस्तर नियमन,<br>(ख) पशुपन्छीको नश्ल (पाडा/पाडी, बाच्छा/बाच्छी, पाठा/पाठी, पशु विर्य, उन्नत अण्डा, चल्ला समेत) को गुणस्तर अनुगमन र नियमन,<br>(ग) पशुपन्छीको आहारको गुणस्तर अनुगमन र नियमन,<br>(घ) पशुपन्छी स्रोत केन्द्र स्थापनाको लागि इजाजत तथा सिफारिस। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(नियम १२ को उपनियम (७) सँग सम्बन्धित)

**कृषि व्यवसायको ब्याज अनुदान भुक्तानी अवधि**

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अवधि (वर्ष) |
|---|---|---|
| १. | तरकारी खेती (खुला) | ३ |
| २. | तरकारी खेती (अर्ध/पूर्ण संरक्षित) | ३ |
| ३. | पशुपालन (गाई/भैंसी/) | ५ |
| ४. | पशुपालन (भेडा/बाख्रा/बँगुर) | ३ |
| ५. | माछापालन (पोखरी/भुरा उत्पादन/रेसवे निर्माण सहितको) | ५ |
| ६. | माछापालन (तयारी पोखरी/रेसवे भएको अवस्था) | ३ |
| ७. | पुष्प व्यवसाय (नर्सरी सहित) | ३ |
| ८. | पुष्प व्यवसाय मात्र | ३ |
| ९. | फलफूल उत्पादन (हिउदे/सुन्तला जात/आँप/किवी/सिउडी फल/लिची/अम्वा आदि) | ५ |
| १०. | फलफूल उत्पादन (भुइकटर/केरा/मेवा/स्ट्रवेरी) | ३ |
| ११. | फलफूल नर्सरी | ३ |
| १२. | बीउ उत्पादन | ३ |
| १३. | कृषि उपजको प्रशोधन व्यवसाय | ५ |
| १४. | दुग्ध प्रशोधन | ५ |
| १५. | कुखुरापालन (ब्रोइलर) | ३ |
| १६. | कुखुरापालन (लेयर्स/स्थानीय) | ३ |
| १७. | बिशिष्ट जातको पशुपन्छी (कालिज/टर्की/अष्ट्रिच/बट्टाई आदि) | ३ |
| १८. | अन्य कृषि उपजहरुको उत्पादनसँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार नभएको) | ३ |

| | | |
|---|---|---|
| १९. | अन्य कृषि उपजहरुको उत्पादनसँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार भएको) | ५ |

**<u>द्रष्टव्यः</u>** यस अनुसूचीको प्रयोजनको लागि "भौतिक पूर्वाधार" भन्नाले कृषि व्यवसायमा कम्तीमा तीन वर्षभन्दा बढी अवधि खप्ने कोल्ड स्टोर, रस्टिक स्टोर, फलामे ग्रीन हाउस, नेट हाउस वा अन्य यस्तै प्रकृतिका कृषि सामग्री सम्झनु पर्छ।

निर्णय भएको मितिः २०८०/१०/१०

आज्ञाले,
परशुराम रावत
प्रदेश सरकारको निमित्त सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय